# चौरजहारी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
चौरजहारी, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
०८८-४०११४६,९८५७८२६१११
ito.chaurjaharimun@gmail.com


प.स. : २०८०/०८१
च.नं. : ९०

मिति : २०८०/०४/१७

**विषय :- सम्पत्ति विवरण पेस गर्ने सम्बन्धमा ।**

**श्री जनप्रतिनिधि, कर्मचारी तथा शिक्षक (सबै),**
**चौरजहारी नगरपालिका, रुकुम (पश्चिम) ।**

उपर्युक्त विषयमा यस चौरजहारी नगरपालिकाका जनप्रतिनिधि, कर्मचारी तथा शिक्षकहरूको आर्थिक वर्ष २०७८/०७९ को सम्पत्ति विवरण तोकीएको समयमा सम्बन्धित निकायमा देहाय बमोजिम बुझाउनुहुन अनुरोध छ । साथै उक्त फाराम र खामको बाहीर लेख्ने विवरण नगरपालिका, वडा कार्यालयबाट प्राप्त गर्न वा कार्यालयको वेभसाइट www.chaurjaharimun.gov.np बाट डाउनलोड गर्न सकिनेछ ।

**तपसिल**

| क्र.स. | सम्पत्ति विवरण पेस गर्ने सेवा / समुह | सम्पत्ति विवरण पेस गर्ने निकाय | सम्पत्ति विवरण पेस गर्ने समय |
|---|---|---|---|
| १ | सङ्घीय निजामति सेवा समायोजन ऐन, २०७५ अनुसार प्रदेश तथा स्थानीय तहमा समायोजन भएका कर्मचारीहरू | राष्ट्रिय किताबखाना (निजामति) | आर्थिक वर्ष समाप्त भएको ६० दिनभित्र |
| २ | लोक सेवा आयोगको विज्ञापनबाट परिपूर्ति भइ स्थानीय तहमा कार्यरत स्थानीय सेवाका कर्मचारीहरू | चौरजहारी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, रुकुम (पश्चिम) | २०८० भाद्र २० गतेसम्म |
| ३ | स्थायी शिक्षकहरू | राष्ट्रिय किताबखाना (शिक्षक) | आर्थिक वर्ष समाप्त भएको ६० दिनभित्र |
| ४ | जनप्रतिनिधि, करार सेवामा कार्यरत कर्मचारी र शिक्षक (राहत, बालविकास, नगर करार र विद्यालय कर्मचारी) | चौरजहारी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, रुकुम (पश्चिम) | २०८० भाद्र २० गतेसम्म |

सीता थापा
नि. प्रमुख प्रशासकीय अधिकृत

श्री प्रशासन / सूचना प्रविधि शाखा

२०८०।०४।१६

कर्णाली प्रदेश सरकार
# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
वीरेन्द्रनगर, सुर्खेत

पत्र संख्याः३/५/२०८०/८१ (कर्मचारी अभिलेख शाखा) च.नं.: ९०८ मितिः२०८०।०४।१६

विषयः आ.व.२०७९/८० को सम्पत्ति विवरण सम्बन्धमा।

श्री जिल्ला समन्वय समितिको कार्यालय (सबै),

श्री नगरपालिका/गाउँपालिका (सबै),

कर्णाली प्रदेश, सुर्खेत ।

चौरजहारी नगरपालिका
दर्ता नं.: ८६
मितिः २०८०।०४।१६

भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ५० मा "प्रत्येक सार्वजनिक पदधारण गरेको व्यक्तिले त्यस्तो पद धारण गरेको मितिले ६० दिन भित्र र त्यसपछि हरेक आर्थिक वर्ष समाप्त भएको मितिले ६० दिन भित्र आफ्नो र आफ्नो परिवारको नाममा रहेको सम्पत्तिको श्रोत वा निस्सा सहितको अद्यावधिक विवरण नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशन गरी तोकेको निकाय वा अधिकारी समक्ष पेश गर्नुपर्ने" कानूनी व्यवस्था भएको र अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३१ (क) (२) मा उल्लेख भए अनुसार ६० (साठी) दिन भित्र सम्पत्ति विवरण पेश नगर्ने सार्वजिनक पदधारण गरेको व्यक्ति/कर्मचारीलाई आयोगले पाँच हजार रुपैया जरिवाना गर्नेछ भन्ने व्यवस्था रहेको व्यहोरा समेत विदितै होला।

त्यसैगरी सार्वजनिक पद, विवरण पेश गर्नुपर्ने निकाय र पेश गर्नुपर्ने समयावधिको सम्बन्धमा २०७५ साल असार २० गतेको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको नेपाल राजपत्रमा प्रकाशित सूचनामा प्रष्ट उल्लेख छ।

आ.व. २०७८/०७९ को सम्पत्ति विवरण पेश गर्ने सम्बन्धमा कानूनतः तोकिएको समय भित्र अत्यन्त कम जिल्लाका स्थानीय तहबाट आंशिक रुपमा सम्पत्ति विवरण प्राप्त भएकाले आ.व.२०७९/०८० को सम्पत्ति विवरण पेश गर्ने सिलसिलामा तपसिलका बुँदाहरुलाई मध्यनजर गरी तोकिएको समयमै अस्थायी, राजनीतिक नियुक्ति, विकास समिति, करार, राहत, ज्यालादारी आदिमा कार्यरत पदाधिकारी/कर्मचारीलाई सम्पत्ति विवरण बुझाउन लगाउने र सम्पत्ति विवरण सम्बन्धी तथ्याङ्क प्रविष्टिका लागि राष्ट्रिय सतर्कता केन्द्रले उपलब्ध गराएको युजरनेम र पासवर्डबाट लगइन गरी समयमा बुझाउने र नबुझाउने तथ्याङ्क पूर्ण रुपमा प्रविष्ट गर्ने, गराउने साथै राष्ट्रिय सतर्कता केन्द्रको सूचनाको छाँयाप्रति यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ।

तपसिलः

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको मिति २०७५/०३/२० को राजपत्रको सूचनाबाट आवश्यक व्यहोरा अवगत गर्नुहुन ।
२. हुलाक मार्फत् तोकिएको अवधि पश्चात प्राप्त सम्पत्ति विवरण (सम्बन्धित निकायको पत्र र राष्ट्रिय सतर्कता केन्द्रको वेवसाइटमा Online Entry नगरेकोलाई) नबुझाएको सरह मानीने छ। त्यस्ता सम्पत्ति विवरणको अभिलेख राखिने छैन। सो सम्बन्धी जानकारी सम्बन्धित निकायले आफ-आफ्ना पदाधिकारी/कर्मचारीलाई गर्न/गराउनु हुन।

कर्णाली प्रदेश सरकार
# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
वीरेन्द्रनगर, सुर्खेत

पत्र संख्याः३/५/२०७९/८० (कर्मचारी अभिलेख शाखा) च.नं.: ९०८ मितिः२०८०।०४।१६

३. सम्पत्ति विवरण Online Entry गरी सकेपछि प्राप्त नं. (Sno) र सम्बन्धित निकायले दर्ता गरेको दर्ता मिति, दर्ता नं. समेत लाई प्रत्येक खामको बाहिर उल्लेख गरी सिलसिलेबार रुपमा राखि (२०८०/०६/२७ गते भित्र) पठाउन हुन। कुनै समस्या परेमा राष्ट्रिय सतर्कता केन्द्रको सम्पर्क नं. ०१-४२००४१२ मा सम्पर्क गर्नुहुन।

४. आ.व. २०७९/०८० को सम्पत्ति विवरण बुझाउने खाममा लेख्ने विवरणको ढाँचा

| | |
|---|---|
| क. कर्मचारीको संकेत नम्बर : | ङ. श्रेणी/तह : |
| ख. नाम, थर : | च. कार्यरत कार्यालय : |
| ग. पद/दर्जा : | छ. मोबाइल नं. : |
| घ. सेवा/समूह : | ज. ई-मेल ठेगाना : |

२०८०।४।१६

(टेक बहादुर वली)
शाखा अधिकृत